# TCP-PIAT समाचार

## तराई सिंचित कृषि प्रबर्द्धन प्राबिधिक सहायता परियोजना

"पानीको अधिकतम उपयोग, बजारमुखी उत्पादनमा जोड"

*अंक ३* *माघ २०७९*




*TCP-PIAT ले संचालन गरेको अगुवा कृषक तालिमका सहभागीहरुलाई मामा भान्जा फार्ममा अवलोकन भ्रमण गराईएको*



*TCP-PIAT मोडेल साइटका कृषकहरुलाई कृषि ज्ञान केन्द्र मार्फत २ दिने पोली हाउस निर्माण सम्बन्धि तालिम दिईदै*

### परियोजनाको संक्षिप्त परिचय

नेपाल सरकार तथा जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (JICA) बीच २३ माघ २०७५ (६ फेब्रुअरी २०१९) मा सम्पन्न छलफल रेकर्ड अनुसार शुरु भएको **तराई सिंचित कृषि प्रवर्द्धन प्राविधिक सहायता परियोजना** (TCP-PIAT) को लक्ष्य संघीय सरकार, प्रादेशिक सरकार, स्थानीय सरकार तथा जल उपभोक्ता संस्थाको सहकार्यबाट "सिंचित कृषि मोडेल " विकास गर्नु हो । यो परियोजना फाल्गुन २०७७ (मार्च २०२१) देखि दोस्रो चरणमा प्रवेश गरेको छ। यो परियोजनाका क्रियाकलापहरू दुई सम्भागमा विभाजित छन् जसमध्ये पहिलो सम्भाग अन्तर्गत कन्काई सिंचाई प्रणालीमा समतामूलक पानी वितरण र सिंचाई सुविधा मर्मत सम्भार पर्दछ। दोश्रो सम्भाग अन्तर्गत खेतमा पानी ब्यबस्थापन (On-farm Development) र बजारमुखी कृषि प्रणालीको प्रवर्द्धन सम्बन्धि क्रियाकलापहरू पर्दछन् ।पहिलो सम्भाग अन्तरगतको क्रियाकलाप सम्पूर्ण कन्काई सिचाई प्रणालीमा कार्यन्वयन गरिएको छ । तर दोश्रो सम्भाग अन्तर्गतका क्रियाकलापहरु स्थानीय सरकारहरुबाट प्रस्तावित मोडेल साइटहरु - शिवसताक्षी नगरपालिका अन्तर्गत शाखा नहर १को प्रशाखा ६ (वडा ७), शाखा ४ को प्रशाखा ११/१२ (वडा ५); गौरीगंज गाउँपालिका अन्तर्गत शाखा नहर १०को प्रशाखा १०/११ र शाखा ७ को प्रशाखा ३/४ (वडा १); कमल गाउँपालिका अन्तर्गत शाखा नहर नं. १५को प्रशाखा १०/११ र शाखा नहर नं १४ ए को प्रशाखा १/२ (वडा १) र गौरादह नगरपालिका अन्तर्गत शाखा नहर १७ को प्रशाखा २ र शाखा नहर नं. २०को प्रशाखा ५ मा कार्यन्वयन गरिएको छ ।

### कृषि उत्पादकत्व वृद्धिका लागि यान्त्रिकरण

खेती र कृषि अभ्यासहरूमा प्रविधिको प्रमुख भूमिका रहन्छ ।कृषि श्रमिकको अभाव, बढ्दो उत्पादन लागत तथा कृषि उत्पादनमा ह्रास जस्ता समस्याहरूलाई संज्ञान लिई प्रदेश सरकार १, कृषि मन्त्रालय अन्तर्गतको कृषि ज्ञान केन्द्र झापाले लेजर ल्याण्ड लेवलर (खेत सम्याउने यन्त्र) को प्रयोग गरि धान खेति प्रविधि प्रदर्शन JICA परियोजना समूहसंगको समन्वयमा सन्चालन गरेको छ ।चार पालिका क्षेत्रका चार अगुवा कृषकहरूको अतिरिक्त कृषि अनुसन्धान निर्देशनालय (प्रदेश १), कन्काई सिंचाई व्यवस्थापन कार्यालय (क.सि.व्य.का.), कन्काई जल उपभोक्ता संस्था तथा कन्काई सिंचाइ प्रणाली भित्र रहका नगरपालिका/गाउँपालिका कृषि विकास शाखाहरू यो प्रदर्शनको सहयोगी साझेदारहरू हुन् । यो प्रविधि प्रदर्शन कार्यक्रम अन्तर्गत पहिलो प्रदर्शन शिवसताक्षी—५ का कृषक श्री उदय भानु प्रसाद साहुको करिव ८ कट्टा (अन्दाजी २६०० व.मि) खेतमा लेजर ल्याण्ड लेवलरले खेत सम्याई शुरु गरिएको थियो। यो प्रदर्शन १५ जना भन्दा धेरै कृषकहरूले हेरेका थिए ।यस अघि JICA परियोजना समूह ले एक थान लेजर ल्याण्ड लेवलर र एउटा ट्रयाक्टर खरिद गरि क.सि.व्य.का. मार्फत कन्काई ज, ऊ.सं लाई हस्तान्तरण गरेको थियो। ज,ऊ.संले ट्रयाक्टर ड्राईभर (यन्त्र संचालक) लाई उपलब्ध गराएको थियो भने कृषि अनुसन्धान निर्देशनालयले लेजर ल्याण्ड लेवलर संचालन सम्वन्धि तालिम प्रदान गरेको थियो । यो कार्यक्रम शुरु गर्नु अघि प्रविधि सहयोग सेवाको लागि कृ.ज्ञा.के. र JICA परियोजना समूह को उपस्थितिमा क.सि.व्य.का. र कृ.अ.नि. वीच सम्झौता पत्रमा हस्ताक्षर गरिएको थियो । चैते धानको उत्पादनमा लेजर ल्याण्ड लेवलरको प्रयोगको प्रभाव प्रदर्शन चारै पालिकाहरूको एक एक जना अगुवा कृषक को खेतमा संचालन गरिनेछ ।यो खेत सम्याई खेति गर्दा ४५ प्रतिशतले पानीको संरक्षण हुने, खेत भित्र बाली/विरुवालाई समान पानी पुग्ने, जल संचय क्षमता, चिस्यान खेर जान नदिने, रसायनिक मल बग्नबाट रोकिने जस्ता विविध फाईदा पुगि कृषि उत्पादकत्व समेत वृद्धि हुन्छ ।



*कृषकको खेतमा लेजर ल्याण्ड लेवलरको प्रयोग गरी खेत सम्याइदै गरेको प्रदर्शन*

## बजारमुखी कृषिका लागि दृढ महिला कृषक समुह

गौरिगंज गाउ पालिका वडा न. १ रंगेथानमा आदिवासी राजबंशी र पहाडिया मुलका बसोबास गर्दै आएका छन् । दुवै जातीय समुदायको बराबर सहभागिता रहेको यो गाउँमा गठित इन्द्रेणी महिला कृषक समुहमा २५जना सदस्यहरू छन्। यो समूहलाई हाल गोमा देबी पराजुली तथा निरुपा कुमारी राजबंशीले ले क्रमशः अध्यक्ष तथा उपाध्यक्षको हैसियतबाट नेतृत्व प्रदान गरि रहनु भएको छ । "TCP-PIAT परियोजनासंग सम्लग्नता हुनु अघि, गोमा देवी भन्नु हुन्छ, "हाम्रो समुहको गतिबिधि मुख्यतः मासिक बचत संकलन, बचत तथा ऋण लगानीमा मात्र सिमित थियो ।"अव यो समुह बजारमुखी व्यावसायिक कृषिमा अभिप्रेरित भएको छ ।" यो समुह खेतीपातीबाट आम्दानी बढाउन र परिवारको आवश्यकता पुरा गर्न सकिनेमा विश्वस्त छ ।



*मोडेल शाखा नहर ७ अन्तर्गत प्रशाखा नहर ३ र ४ स्थित इन्द्रेणी महिला कृषक समुहका सदस्यहरु*

TCP-PIAT मा आबद्ध भए पश्चात परियोजनाले संचालन गरेको नियमित छलफल, कृषि बजार सर्वेक्षण, कृषि फार्म अबलोकन भ्रमण आदिबाट कृषि ब्यबसाय प्रतिको दृष्टिकोणको दायरा फराकिलो भएको उनीहरुले अनुभव गरेका छन् । यी कार्यक्रमहरुबाट आधुनिक खेति प्रबिधिबारे सिक्ने, कृषि सामग्रीको उपलब्धता , उत्पादित बस्तुहरुको बजार व्यवस्था , उपभोक्ताहरुको माग बारे जानकारी हासिल गर्ने अवसर प्राप्त वहाँ हरू भन्नु हुन्छ । समुहका सदस्यहरुले यो परियोजनाले संचालन गरेका तालिम तथा भ्रमण कार्यक्रमहरूबाट सिकेका ज्ञान तथा अनुभवहरू समुहभित्र आदान प्रदान गर्न शुरु गरि सकेका छन् । सडक आवागमन, संचार माध्यमको बढ्दो उपलब्धताले समेत समुहको ब्यबसायिक कृषि प्रतिको उत्साह आदि बढेको छ । उनीहरुले बुझेका छन्, " प्रांगारिक तथा नियमित तथा पर्याप्त आपूर्ति (परिमाण तथा गुणस्तर) बजार सुनिस्चितताको महत्वपूर्ण तत्व हो" ।

यो समुहको सब भन्दा राम्रो पक्ष मिश्रित जातीय सहभागीता-अन्य जात र आदिवासी राजबंशी- हो । देशले राजबंशी समुदायलाई उत्कृष्ट तरकारी खेतिगर्ने मध्येको एक जाती रहेको मान्दै आएको छ । तर यो राजबंशी समुदाय प्राय तरकारी खेती आफ्नो परिवारको आवश्यकता पुरा भए पछि बाँकि रहेको हाट बजारमा बिक्रि गर्दछन् । यो समुहले अव यो राजबंशी समुदायको परम्परागत तरकारी खेती अनुभवलाई बजारमुखी व्यावसायिक कृषि विधिमा आवद्धगरि परिवारको आम्दानी वृद्धि गर्न "बिक्रिको लागि उत्पादन" लक्ष्यतर्फ अग्रसर छ । समुहका धेरै सदस्यले ब्यबसायिक उद्देश्यले तरकारी तथा अन्य नगदे बाली खेतीसमेत शुरु समेत गरेका छन् ।यो अभियानमा अगाडि बढ्न यो उच्च अभिप्रेरित हुनुको साथै प्रतिवद्ध छ

## कृषिको बजारीकरण आजको आवस्यकता



*शिवासताक्षी नगरपालिका कृषि शाखाका प्राविधिक सहायक श्री रबिन्द्र भट्टराई*

बिगत ३ बर्ष देखि प्रा.स. श्री रविन्द्र भट्टराई शिबसताक्षी न.पा.को कृषि विकास शाखामा कार्यरत हुनुहुन्छ ।यस अघि वहा कृषि विकास फार्म चन्द्रडाँगीमा कार्यरत हुनुहुन्थ्यो। कृषि विकास शाखामा आफ्नो जिम्मेवारी बारे बताउदै वहा भन्नु हुन्छ, "कृषि प्रसार कार्यकर्ताको हैसियतले कृषकहरूई लाभान्वित हुने आधुनिक कृषि प्रविधिबारे कृषकहरूलाई प्राविधिक सल्लाह र सुझावहरु दिन, नगरपालिकाका कृषकहरूलाई पलिकस्तारिय कृषि विकास कार्यक्रम अनुसार अनुदान उपलब्ध गराउन, कृषकहरूलाई तालिम प्रदान गर्न तथा पालिकाले चाहे अनुसार कृषि विकास सम्बन्धि अन्य कार्यक्रमहरू संचालन गर्न म जिम्मेवार छुं।अनुदान रकम बिशेष गरी साना कृषि यान्त्रिकरण,साना सिंचाई ,एक समुह एक उत्पादन,तरकारी खेती, बिउ जस्ता कृषकहरूको मागको आधारमा अन्य क्रियाकलापहरूमा समेत अनुदान प्रदान गर्दछ ।यस्तै कृषि यान्त्रिकीकरण, सिंचाइ, तरकारी खेति, धान खेति जस्ता विषयहरूमा वडा स्तरीय घुम्ती तालिम दिइन्छ ।

वहांको नगरपालिकामा कृषि आधुनिकीकरण तथा व्यावसायीकरण सम्बन्धि मुख्य समस्याहरूबारे प्रश्न गर्दा वहाँ भन्नु हुन्छ, "कृषिको योजना निर्माणका लागि पर्याप्त तथ्यांक उपलब्ध नहुनु, नेपाली कृषकहरूको न्यून प्रतिष्पर्धात्मक क्षमता-खास गरि अनौपचारिक सिमा पार व्यापार बाट भित्रने तवरबाट सस्तो मुल्यको कृषि उपजसंग प्रतिस्पर्धा गर्न कठिन, कृषि उत्पादनको लागि आवश्यक रासायनिक मलखाद समयमा उपलब्ध नहुनु, कृषकहरू खेतीपाती भन्दा अनुदानमा केन्द्रित हुनु तथा आम कृषकहरूको खेती तर्फ रुचीनै कम हुनु हो।"TCP-PIAT परियोजनाले प्रवर्द्धन गरेको तराई कृषिमा आधारित व्यावसायिक कृषि विधि (CAP Approach) कृषकहरूले भोगि रहेको एउटा मुख्य समस्या सम्बोधन गर्दछ । वहाँ जोड दिंदै भन्नु हुन्छ, "कृषकहरू, खास गरि साना कृषकहरूलाई बजारसंग जोड्न **बजार पहिला** विधि जरुरत पर्दछ । वहा भन्नु हुन्छ कृषिको ब्यबसायिकरण आजको आवस्यकता हो र यो परियोजना प्रभावकारी तथा जरुरी छ । यो विधिको केन्द्रमा समुह छलफलबाट कृषकहरूको समस्या पहिचान गर्ने रहेको छ र यस्ले "परम्परागत उत्पादन र बिक्रिको स्थानमा बिक्रीको लागि उत्पादन" प्रवर्द्धन गर्दछ ।

# जल उपभोक्ता संस्थाको निर्वाचन : सुशासनको बाटोमा

प्रत्येक ४ वर्षमा हुनुपर्ने कन्काई नहर जल उपभोक्ता संस्थाको निर्वाचन विभिन्न कारणले समयमै हुन सकेको थिएन । भर्खरै २०७९ माघ २१ गतेदेखि प्रारम्भिक तहको (उपशाखा/प्रशाखा नहर समिति) शुरु भएको छ ।निर्वाचन समितिले सार्वजनिक गरेको कार्यतालिका अनुसार विभिन्न १८१ वटा प्रारम्भिक तहको निर्वाचन माघ महिनाभित्र सम्पन्न हुनेछ ।

सबै तल्लो समितिको नतिजा सार्वजनिक भएपछि शाखा समिति तहको निर्वाचन कार्यक्रम घोषणा गरिने निर्वाचन समितिले जनाएको छ । सबै शाखा समितिको नतिजा सार्वजनिक भएपछि कन्काई सिँचाइ व्यवस्थापन कार्यालयले मुख्य समितिको निर्वाचन कार्यतालिका तयार गर्नेछ । सुशासनको क्षेत्रमा चालिएको यो कदमको लागि यो परियोजना कन्काई नहर जल उपभोक्ता संस्थालाई धन्यवाद दिंदै कार्यक्रमको सफलताको समेत कामना गर्दछ।



*शिवासताक्षी-९ स्थित शाखा नहर १ अन्तर्गत उपशाखा १ मा ज.उ. स. का चुनावी गतिविधि*

# बजारमुखी कृषिको लागि समतामुलक पानी वितरण



*शाखा नहर १ अन्तर्गत उपशाखा ०६ का पुच्छारका जल उपभोक्ता तथा प्रगतिशील कृषक श्री डिल्ली प्रसाद पौडेल आफ्नो तरकारी बारीमा*

शाखा नहर १ अन्तर्गत प्रशाखा नहर ०६ TCP-PIAT परियोजनाको एउटा मोडेल साइट हो ।यसका अध्यक्ष श्री डिल्ली प्रसाद पौडेल एक ब्यवसायिक कृषक हुन् भने संयोगले वहा प्रशाखा नहर ०६ को पुच्छारको पानी उपभोक्ता पनि हुनुहुन्छ ।कन्काई नहर जल उपभोक्ता समिति र कन्काई सिचाई व्यवस्थापन कार्यालय बिचको भर्खरको सहमति अनुसार हिउद महिनामा सम्पूर्ण कन्काई सिचाई प्रणालीमा हप्तामा ३/३ दिनको पालो गरेर पानी वितरण गरिने तालिका बारे छलफल गर्दा यो तालिका सहि र समयानुकुल भएको वहाँ बताउनु हुन्छ र यसबाट समानुपातिक पानी वितरण हुने वहाको धारणा छ । वहा थप्नु हुन्छ , यो नियमलाई निरन्तरता दिनु पर्छ, सोहि अनुसार ढाल्पालाई पनि निर्देशन दिइनु पर्दछ ।यस अघि पानी बितरणमा तालिकाको ख्याल हुदैनथ्यो, कृषकहरुले आफु खुसी नहरको गेट खोल्ने गर्थे र पानीको दुरुपयोग हुने सम्भावना पनि प्रसस्त थियो ।प्रशाखा नहर ०६ क्षेत्रको कुल कमाण्ड क्षेत्रफल ५० हेक्टर रहेको र सो मध्ये तोरी खेति ५ हेक्टरमा, मकै खेति ५ हेक्टरमा, जई घास २ हेक्टर र तरकारी खेति ३ हेक्टरमा भैरहेको जानकारी दिनु भयो ।कृषकहरुले नहरको पानी तोरी, मकै , घास खेतीमा प्रयोग गर्ने , तर तरकारी खेतीमा स्यालो ट्युबवेल कै पानी प्रयोग गर्ने गरेका छन ।तालिका अनुसार नियमित पानी वितरण हुने सुनिश्चित भएमा कृषकहरुमा ब्यवसायिक तरिकाले कृषि कार्य गर्न जागर चल्ने वहाको विश्वास छ। पौडेल जस्तै कन्काई सिंचाइ क्षेत्रका धेरै जल उपभोक्ताहरू हिउद मौसमको खेती सिजन शुरु हुनु अघि तालिका तयार गर्ने, समयमा सबै सरोकारवालाहरूलाई सुसुचित गरि इमान्दारिताका साथ निरन्तरता दिएमा कृषकहरूको व्यावसायिक कृषि गर्न अभिप्रेरित हुने र बाली सघनता (Cropping Intensity) पनि धेरैनै बढ्ने विश्वास गर्दछन् ।

**पानी वितरण तालिका**

कन्काई सिँचाइ व्यवस्थापन कार्यालय र कन्काई नहर जल उपभोक्ता संस्था बिच आ.व. २०७९/२०८० मा हिउँदे र वसन्त बालीका लागि पानी वितरण तालिका बारे एक समझदारी-पत्रमा मिति २०७९/०८/१२ हस्ताक्षर भयो . समझदारी पत्र अनुसार २०७९ को हिउद महिनामा शाखा नहर ० -१२ सम्म (समुह-१) र शाखा नहर १३-२१ (समुह न. २) गरी दुई समुहमा हप्तामा ३/३ दिन पानी वितरण गरिने छ । हाललाई आइतबार बिहान ६ बजे देखि बुधबार बिहान ६ बजे सम्म समूह १ र बुधबार बिहान ६ बजे देखि शनिबार ६ बजे सम्म समूह २ मा पानी वितरण हुनेछ । त्यस्तै आगामी बर्ष २०७९/८० को बसन्त सिजन बालीका लागि समुह १ मा आइतबार बिहान ६ बजे देखि शनिबार बिहान ६ बजे सम्म पानी वितरण गरिने छ । यसबाट कन्काई सिंचाई प्रणालीका जल उपभोक्ताहरु लाभान्वित हुनेछन भन्ने विश्वास गरिएको छ ।



दिपेश चौधरी , करिब २ बर्ष देखि कन्काई सिंचाई ब्यबस्थापन कार्यालय अन्तर्गत ढाल्पाको रुपमा कार्यरत छन् ।हाल उनि शाखा नहर १ मा पानी वितरण कार्य तथा नहर रेखदेख कार्य गर्दै आइरहेका छन् । यसका अतिरिक्त सतासी साइफनमा जम्मा हुने झारपातको सफाई गर्ने जिम्मेवारी पनि अर्का ढाल्पा श्री सोम बहादुर माझी र वहाँमा छ ।मूलनहरमा पानी छाडेको समयमा साइफन सफाई काम अति महत्वपूर्ण , संवेदनशील र दैनिक कार्य हो । कार्यालयले भर्खरै परिवर्तन गरेको गरेको पानी बितरण सुधार तालिका उपयुक्त भएको वहाँ भन्नु हुन्छ । यसो गर्दा सबै शाखा नहरमा पानी पुग्ने र कृषकहरुले आफ्नो पालोमा पानी उपयोग गर्न सक्छन ।साथै यो तालिकाको कार्यन्वयनबाट पानीको लागि ढोका खोलिदिन कृषकहरुबाट हुने अनावस्यक दवाबमा समेत कमि आउने छ भन्ने कुरामा वहाँ जोड दिनु हुन्छ ।नहरको पानीको दुरुपयोग नहोस भनि कार्यालयले तोकिदिएको चिन्ह सम्म मात्र वहाँले पानी छोड्ने गर्नु भएको छ ।

## तस्विरमा TCP-PIAT का गतिविधिहरु



व्यवसायिक तरकारी खेतीलाई निरन्तरता दिदै मोडेल शाखा १० का श्री भिम बहादुर बुढाथोकी आफ्नो काउली तथा आलु खेती लगाएको जग्गामा



बजार सर्वेक्षण भ्रमणको सिलसिलामा मोडेल शाखा ७ का महिला सदस्यहरु दमक बजारका तरकारी व्यापारी संग छलफल गर्दै



कृषि ज्ञान केन्द्र द्वारा संचालित पोली हाउस निर्माण तालिममा संलग्न बिभिन्न मोडेल शाखाका कृषकहरु



सफा र सम्भार गरिएको मोडेल शाखा नहर ०४



जग्गा धनीको मूल विवरण तयार गर्ने क्रममा क्याडस्ट्रल नक्सा प्रमाणीकरण गर्दै फिल्डमा TCP-PIAT का टोलि



क.सि.व्य.का. र ज.उ.स. द्वारा मोडेल साइट शाखा नहर ४ का प्रशाखा नहर ११ मा नहर सफाई तथा खेतमा पानी व्यबस्थापन निर्माण क्रियाकलाप



जलश्रोत तथा सिंचाई विभागका उप-महा निर्देशक श्री टिकाराम बराल ज्युको अध्यक्षतामा क.सि.व्य.का.को सभा भवनमा परियोजना अनुगमन समितिको मिति २०७९ पुष ७ मा बसेको बैठकको दृश्य



TCP-PIAT को नियमित गतिबिधि अन्तर्गत क.सि.व्य.का.का प्रमुखको अध्यक्षतामा माघ ४, २०७९ मा बसेको परियोजना कार्य टोलीको बैठकको दृश्य